नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः १९ भाद्र २०८३

प्रतिवेदन नं : ७

## व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको।

| विषय | मुख्य विवरण |
|---|---|
| प्राप्त स्वास्थ्य सामग्री | विभिन्न सहयोगी संस्थाबाट **१२,८७२ इकाइ** स्वास्थ्य सामग्री प्राप्त भएको |
| मुख्य प्राप्त सामग्री | **T.T.** ४,९००, EDTA Tube १,५०० तथा Dengue, Influenza A+B, Scrub Typhus र Leptospirosis Rapid Test Kit प्रत्येक १,००० |
| वितरण गरिएको सामग्री | विभिन्न स्वास्थ्य संस्था तथा निकायमा जम्मा **९१,२३१ इकाइ** औषधि तथा स्वास्थ्य सामग्री वितरण गरिएको |
| मुख्य प्राप्तकर्ता | गजुरी प्राथमिक स्वास्थ्य केन्द्र, धादिङ **५९,९६२ इकाइ**; वीर अस्पताल (गल्छी स्वास्थ्य शिविर), नुवाकोट **२०,२२७ इकाइ**; स्वास्थ्य कार्यालय, रसुवा **८,०७७ इकाइ**; स्वास्थ्य कार्यालय, नुवाकोट **२,८०० इकाइ** |
| मुख्य वितरण गरिएका औषधि | Paracetamol 500 mg **१५,०००**, Pantoprazole 40 mg **७,४००**, Aceclofenac 100 mg **४,०००**, Cloxacillin 500 mg **४,०००**, Naproxen 500 mg **३,३००**, Acyclovir 400 mg **३,३००** लगायत |
| हालको मौज्दात | स्वास्थ्य सेवा विभागमा **१३७ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री**, जम्मा अभिलेखित मौज्दात **१,६१,६५५ इकाइ** रहेको |

१८ भाद्र २०८३

- रसुवा जिल्ला जनस्वास्थ्य कार्यालयको लागि 768 भायल Td खोप पठाएकोमा रसुवा पुगिसकेको जानकारि प्राप्त
- पथलैया स्टोरबाट रसुवा; नुवाकोट र धादिङको जनस्वास्थ्य कार्यालयहरू मा RUTF पठाईएको : भोलि पुग्ने
- परोपकार स्त्री तथा प्रसुतिरोग अस्पतालबाट बिदुर जाने मेडिकल टिमसंग शिविरको लागि चाहिने 6 किसिमको औसधि पठाएको
- नेपाल स्वास्थ्य व्यवसायी परिषदलाई नुवाकोट/ रसुवा क्याम्प सन्चालन को लागि 4 किसिमको औषधि उपलब्ध गराईएको ।
- TT vaccine 4800 ample DDA को सहयोगमा स्वास्थ्य ब्यवसायि बाट प्राप्त भएको ।
- TT vaccine 100 amoule Bluemoon बाट प्राप्त
- NPHL Teku बात 1500 Vial EDTA रसुवा DNA जाच को नमुना राख्न प्राप्त भएको ।
- WHO बाट Scrub Typhus; Dengue; Malaria; influenza and Leptospirosis Test Kit प्राप्त भएको ।

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- गत २४ घण्टामा कुल २८ वटा केस रिपोर्ट भएका छन्:
    - ५ वटा Acute Gastroenteritis (AGE)
    - ९ वटा Fever
    - १० वटा Fever with Cough
    - ४ वटा Fever with Rash
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको ।(०)

- ४ वटा Fever with Rashको सम्बन्धमा उचित व्यवस्थापन सम्बन्धित स्थानीय तहबाट भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

- भोटेकोशी नदीको बाढीबाट प्रभावित क्षेत्रहरुमा किटजन्य तथा अन्य सरुवा रोगहरुको समयमै निदान गर्न आवश्यक आर.डी.टी. किटहरु इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD), स्वास्थ्य सेवा विभागबाट जिल्ला जनस्वास्थ्य कार्यालय, रसुवा र नुवाकोटमा वितरण गर्न स्वीकृति भई पठाइएको

| क्र.स | किटको नाम | वितरण गर्नुपर्ने संख्या | जिल्ला | |
|---|---|---|---|---|
| | | | रसुवा | नुवाकोट |
| १. | Dengue Combo Rapid Test Kit | १५०० | ७५० | ७५० |
| | Malaria Rapid Diagnostic Kit | १५०० | ७५० | ७५० |
| | Scrub Typhus Rapid Test Kit | ८०० | ४०० | ४०० |
| | Leptospirosis Test Kit | ८०० | ४०० | ४०० |
| | Influenza A+B Rapid Test Kit | १००० | ५०० | ५०० |

## बाढीबाट प्रभावित क्षेत्रमा शव व्यवस्थापन तथा शव व्यवस्थापन पश्चातको वातावरणनीय निसंक्रमण कार्यका परिचालित टोलीद्वारा सम्पन्न कार्य विवरण

नुवाकोट

१. Wash Cluster को दोस्रो बैठक बसी सबै होल्डिङ्ग सेन्टरमा Wash को अवस्थाको द्रुत मुल्याङ्कण गरी शुद्ध खानेपानी वितरण, थप शौचालय निर्माण (महिला/पुरुष), स्नान घर निर्माण तथा फोहोर मैला व्यवस्थापन गर्ने निर्णय भएको।

२. पहिलो पटक Health Partners Coordination Meeting बसि विभिन्न संघसंस्थाद्वारा सम्पन्न स्वास्थ्य सम्बन्धि गतिविधिहरुको समिक्षा गरी थप आवश्यकता पहिचान गरी कार्ययोजना तयार गरिएको।






विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट

३. देवीघाट, विदुरस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका प्रमुख डा. नरेन्द्र गिरीसँग वर्तमान स्वास्थ्य अवस्थाबारे छलफल तथा समन्वय गरिएको।



रसुवा

४. पानीको गुणस्तर अनुगमन तथा परीक्षण गर्दा परीक्षण गरिएका सम्पूर्ण पानीका नमुनामा E. coli संक्रमण पाइएको। उक्त निष्कर्षपछि तत्काल बैठक बसी आवश्यक निर्णय तथा नियन्त्रणका उपायहरू तय गरिएको र RVT मा तत्काल पानी शुद्धीकरणसम्बन्धी अभिमुखीकरण/तालिम सञ्चालन गरी पानी शुद्धीकरण कार्य समेत सम्पन्न गरिएको।




५. डा. राहुल झा (सर्जन) द्वारा रसुवा अस्पतालमा एक बिरामीको एपेन्डिक्सको शल्यक्रिया (Appendectomy) सफलतापूर्वक सम्पन्न गरिएको। हाल बिरामीको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको र चिकित्सकीय निगरानीमा स्वास्थ्यलाभ गरिरहेको।



६. यसअघि कोभिड–१९ आइसोलेसन केन्द्रका रूपमा प्रयोग हुँदै आएको शवहरू राखिएको स्थानलाई आवश्यक रूपमा डिसइन्फेक्सन गरी सुरक्षित बनाइएको।





## <u>मनोसामाजिक परामर्श (MHPSS)</u>

### १. मनोसामाजिक परामर्श

क. नुवाकोटः मनोचिकित्सक– १८ भन्दा बढी होल्डीङ्ग सेन्टर तथा प्रभावित समुदायहरूमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता (MHPSS) र प्राथमिक मनोवैज्ञानिक सहायता (PFA) संचालनमा रहेको छ ।

मनोसामाजिक सहायता (MHPSS) र प्राथमिक मनोवैज्ञानिक सहायता (PFA)
- २७०२ (नयाँ र पुरानो)

मानसिक स्वास्थ्य अवस्थाको मूल्याङ्कन
- २४४४ जना




जनशक्ति परिचालन
- ५१ (२ मनोचिकित्सक)

ख. रसुवा : ५ वटा होल्डीङ्ग केन्द्र तथा अस्पतालहरुमा सेवाहरू MHPSS सेवाहरू सुरु गरिएको छ।

मनोसामाजिक सहायता (MHPSS) र प्राथमिक मनोवैज्ञानिक सहायता (PFA)
- १०७




जनसक्ति परिचालन
- २२
- मनोसामाजिक परामर्शकर्ता तथा PFA Volunteers

ग. धादिङ्ग : धादिङका प्रभावित समुदायहरूमा प्रभावित व्यक्ति तथा उनीहरूका आफन्तजनलाई लक्षित गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता (MHPSS) तथा प्राथमिक मनोवैज्ञानिक सहायता (PFA) प्रदान गर्ने कार्य सञ्चालनमा रहेको छ।

मनोसामाजिक सहायता (MHPSS) र प्राथमिक मनोवैज्ञानिक सहायता (PFA)

• १०३ जना




जनसक्ति परिचालन

• ४
• मनोसामाजिक परामर्शकर्ता

घ. भरतपुर, नवलपुर र सिन्धुपाल्चोक — भरतपुर, नवलपुर र सिन्धुपाल्चोकका प्रभावित समुदायहरूमा प्रभावित तथा मृतकका आफन्तजन र साथीभाइलाई लक्षित गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता (MHPSS) तथा प्राथमिक मनोवैज्ञानिक सहायता (PFA) प्रदान गर्ने कार्य सञ्चालनमा रहेको छ ।

भरतपुर

• ४५ जना

सिधुपल्चोक

• ३८ जना

नवलपुर (मध्यबिन्दु अस्पताल)

• १००जना

ङ. पहेंलो गुम्बा, स्वयम्भू, काठमाडौं: २६ जना PSC (मनोसामाजिक सल्लाहकार) परिचालन गरी केन्द्रहरूमा प्रभावित व्यक्तिहरूको MHPSS आवश्यकता मूल्याङ्कन तथा सहायता प्रदान गरिएको छ, जसमा किशोरीहरू तथा अन्य प्रभावित समूहहरूका लागि समूह परामर्श सत्रहरू, बालबालिकाका लागि समूहगत उपचारात्मक तथा मनोसामाजिक गतिविधिहरू सञ्चालन र किशोरीहरूलाई मानसिक स्वास्थ्यसम्बन्धी अध्ययन सामग्री तथा IEC सामग्री वितरणसमेत गरिएको छ। साथै, ६० जना बालबालिका तथा किशोरीहरूलाई MHPSS सेवा प्रदान गरिएको छ।

## २. मनोचिकित्सक सहितको विशेषज्ञ टोलि परिचालनः

नुवाकोटमा एक मनोचिकित्सक र एक क्लिनिकल मनोविद्सहितको टोली विभिन्न केन्द्रमा पुगिसकेका छन् र हाल प्रभावित व्यक्तिहरूको मानसिक स्वास्थ्य तथा मनोसामाजिक आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक व्यवस्थापनको प्रक्रियामा रहेको छ। ।

३. टेलि—मनोचिकित्सा सेवा

बाढी प्रभावित व्यक्तिहरूका लागि मनोचिकित्सक परामर्शको अनलाइन सेवा सुरु गरिएको छ, जसले चिन्ता, तनाव, शोक, आघात र भावनात्मक समस्याहरूजस्ता विषयमा गोपनीय र सहानुभूतिपूर्ण मनोचिकित्सकीय सहायता प्रदान गर्दछ।

४. औषधी व्यवस्थापन :

प्रभावित क्षेत्रमा औषधिको आवश्यकता मूल्याङ्कन गरी जनस्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थासँग समन्वयमा औषधिको आपूर्ति तथा उपलब्धता सुनिश्चित गर्ने कार्य भइरहेको छ।

५. हेल्पलाइन मार्फत सहयोग :

हेल्लो स्वास्थ्य ११११५ तथा अन्य सम्बन्धित हेल्पलाइनहरूबाट मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा निरन्तर प्रदान भइरहेको छ।

**जम्मा मानसिक स्वास्थ्य उपचार र परामर्शलाई परिचालित जनसक्ति**

स्थलगत : १२१ जना
हेल्पलाइन मार्फत : १९ जना
आवश्यकताअनुसार परिचालन गर्न तयारी अवस्थामा रहेको: ८८

**जम्मा मनोसामाजिक उपचार/ परामर्श लिने सेवाग्राहीको संख्या**

स्थलगत पहुँच : ५४६४
स्थलगत मनोसामाजिक परामर्श : ३१५५ (नयाँ र पुरानो)
हेल्पलाइन मार्फत : ५९
पछिल्लो २४ घण्टामा मानोपरामर्श लिने: ४६०







## परिवार कल्याण महाशाखा

- धादिंग, रसुवा र नुवाकोट जिल्लाका सम्पूर्ण Holding Center र CEmONC, BEmONC BC हरुमा Service Assessment गर्नका लागि Tool finalization
- धादिंग जिल्लाको बैरेनी अस्पतालमा आबस्यकता अनुसारका सामग्री वितरण |
    - डीगनिटि किट -१००
    - महिनावारी प्याड -१०० प्याकेट
    - PMTCT Kit-१००
    - अन्य औषधि




राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (RCCE) सम्बन्धी प्रमुख गतिविधिहरू

## इन्फोग्राफिक













४ वटा इन्फोग्राफिक सामग्री रहेका छन्, जसमा जीवनरक्षक तथा स्वास्थ्यसम्बन्धी महत्वपूर्ण सन्देशहरू समावेश गरिएका छन्:

- ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी जरुरी सूचना

- भोटेकोशी नदीमा आएको बाढीमा बेपत्ता हुनुभएका आफन्तको पहिचानमा सहयोग गरौं। नेपाल प्रहरीले वैज्ञानिक विधि (DNA परीक्षण) मार्फत फेला परेका शव तथा मानव अंगको पहिचान गर्ने प्रक्रिया अगाडि बढाएको छ। बेपत्ता व्यक्तिका नजिकका रगतका नातेदार (बाबु, आमा, छोरा वा छोरीमध्ये कुनै एक जना) ले नजिकको नेपाल प्रहरी अस्पताल ,महाराजगञ्जको प्याथोलोजी ल्याब वा जिल्ला प्रहरी कार्यालयमा गई ताजा रगतको नमुना दिनुहुन अनुरोध गरिन्छ।
- बाढी पछि सतर्कता जरुरी! दूषित पानी र फोहोरले रोग फैलाउन सक्छ।बाढी प्रभावित क्षेत्रमा दूषित पानी, फोहोर र लामखुट्टेको वृद्धिका कारण झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस, डेङ्गु र मलेरिया जस्ता रोगहरूको जोखिम बढ्न सक्छ।

## राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

### विपद्पछिको क्षयरोग प्रतिकार्य (Post Disaster TB Response) सम्बन्धी गतिविधिहरू

- राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको नेतृत्वमा प्राविधिक टोलीले बाढी प्रभावित नुवाकोट जिल्लाको विदुर नगरपालिका वडा नं. ४ स्थित सहरी स्वास्थ्य केन्द्र तथा प्रभावित क्षेत्रको स्थलगत अनुगमन सम्पन्न गरेको छ।अनुगमनका क्रममा सहरी स्वास्थ्य केन्द्र (वडा नं. ४) मा हाल १५ जना क्षयरोगका सक्रिय बिरामीहरू उपचाररत रहेको, यातायात अवरोधका कारण कारागारबाट त्रिशुली अस्पतालमा बिरामी स्थानान्तरण तथा स्वास्थ्य पहुँचमा कठिनाइ देखिएको, औषधिको मौज्दात पर्याप्त रहेको पाइएको छ।
- स्थलगत अवस्थालाई मध्यनजर गर्दै उपचार अनुगमनका लागि आवश्यक खकार परीक्षण (Microscopy) सेवा लिखु गाउँपालिकास्थित चौघडा स्वास्थ्य चौकी (करिब ९ कि.मी.) सँग समन्वय गरी सुचारु गर्न, जिन-एक्सपर्ट (GeneXpert) परीक्षणका लागि केन्द्र तथा नाटा (NATA) सँग समन्वय गर्न र थप प्राविधिक सहयोगका लागि केन्द्रसँग निरन्तर सम्पर्कमा रहन निर्देशन तथा सुझाव दिइएको छ।
- जिल्लाभर औषधिको अभाव हुन नदिन जनस्वास्थ्य कार्यालय नुवाकोटको मागअनुसार HRZE ८,७३६ ट्याब्लेट, HR Adult १६,१२८ ट्याब्लेट, तथा HRE ३,३६० ट्याब्लेट औषधि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र (PHLMC), हेटौंडाबाट पठाउने तयारी अन्तिम चरणमा पुगेको छ।
- जनस्वास्थ्य कार्यालय नुवाकोटको तथ्याङ्क अनुसार जिल्लाका २४ वटा अस्थायी होल्डिङ सेन्टरहरूमा आश्रित विस्थापित नागरिकहरूमध्ये १ जना क्षयरोग बिरामी पहिचान भई प्रत्यक्ष निगरानीमा उपचार निरन्तर गरिएको छ।




*NTCC को टोली नुवाकोटमा अनुगमनमा*

## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

PLHIV Clients को "Geo-Coordinates Mapping"

- Rasuwa र Nuwakot जिल्लामा Bhotekoshi River आसपास बसोबास गर्ने PLHIV clients को GIS coordinates प्रयोग गरी Geo-spatial mapping को कार्य अगाडि बढाइएको छ।
- यसबाट flood प्रभावित क्षेत्रमा रहेका PLHIV clients को location पहिचान गरी आवश्यक HIV services तथा response planning लाई थप targeted बनाउन सहयोग पुग्नेछ।
- यसका साथै, GIS को प्रयोग गरी PLHIV clients को re-tracking, आवश्यक clients को follow-up तथा CHBC team mobilization को कार्य निरन्तर भइरहेको छ।
- आवश्यकता अनुसार प्रभावित PLHIV clients लाई सम्बन्धित ART services मा पहुँच पुऱ्याउन तथा ARV medicines को transportation सुनिश्चित गर्न समेत कार्य भइरहेको छ।



# अनुसुची

## विदुर नगरपालिकामा रहेका होल्डिङ्ग सेन्टरहरुको विवरण

विदुर नगरपालिका
**नगर कार्यापालिकाको कार्यालय**
स्वास्थ्य शाखा विदुर, नुवाकोट

सेल्टर/होल्डिङ सेन्टरहरुको विवरणः

मितिः२०८३-०५-१८ गते समयःबेलुका ४.०० बजे

| क्र.स | सेल्टर/होल्डिङ सेन्टरको नाम | वडा नं | स्थान | सेल्टर/होल्डिङ सेन्टरमा रहेको | | जम्मा | नियमित औषधि सेवन गरिरहेको | अपाङ्गता व्यक्ती संख्या | गर्भवती | स्तानपान गराउने आमा भएको/नभएको | स्वास्थ्य अवस्था | २ वर्ष मुनिको बालबालिका संख्या | ६० वर्ष माथिका जेष्ठ नागरिक संख्या | होल्डिङ सेन्टरको सम्पर्क स्वास्थ्यकर्मी नाम र सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | | | | | | | | | | |
| १ | इन्द्रयणी आ.वि विदुर १ | १ | नर्सरी | १५ | १३ | २८ | २ | ० | ० | ० | सामान्य | ० | ३ | अर्पना लामा ९७४५३४५६०४ | |
| २ | बुद्ध टोल | १ | बुद्धमन्दिर | १७ | १८ | ३५ | ८ | ० | ० | १ | सामान्य | ० | ६ | | |
| ३ | कवर्ड हल विदुर २ बट्टार क्षेत्र | २ | बट्टार | ९६ | ९५ | १९१ | ७ | ० | १ | २ | सामान्य | २ | ४ | दल बहादुर नेपाली ९८६४८३४५०९ | संगम गुरुङ ९७६१६०६९९२ |
| ४ | हिमालयन एकेडेमी विदुर २ | २ | बट्टार | ५२ | ६४ | ११६ | ० | ० | १ | २ | सामान्य | २ | ५ | संगम गुरुङ ९७६१६०६९९२ | |
| ५ | पितृमोक्ष भवन, /safehouse विदुर २ | २ | विदुर | ८१ | ७५ | १५६ | ५२ | २ | ० | ३ | सामान्य | ३ | ३ | जानुका बोगटी ९८४९३३५५२४ | सनम पाण्डे ९८४०१८३३१६ |
| ६ | नुवाकोट स्वास्थ्य चौकी सामुदायिक भवन २ | २ | नुवाकोट | ५७ | ५७ | ११४ | ३ | | १ | ५ | सामान्य | ५ | ३ | लक्ष्मी श्रेष्ठ ९८४०००८२६२ | पुजा श्रेष्ठ ९८६१७११२०९ |
| ७ | तामाङ् प्लाजा ४ | ४ | बट्टार | ५१ | ७२ | १२३ | १ | ० | ० | ३ | सामान्य | ३ | ४ | माया राई ९८६७०५०४५० | ग्रिस्मा डुङगाना ९८४१२२००९१ |
| ८ | युनाईटेड स्कुल | ४ | बट्टार | २६ | १९ | ४५ | १ | ० | ० | २ | सामान्य | २ | २ | मुस्कान डंगोल ९८४९५२३७२६ | अजिङगरे मा.वि |
| ९ | चन्द्रज्योति मा.वि. | ५ | पिपलटार | १६८ | १२८ | २९६ | ६१ | ० | १ | १० | सामान्य | १० | ४७ | मन्जु घिमिरे ९८४५०५४७०० | चन्द्रज्योति मा.वि. |
| १० | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, देविघाट ५ | ५ | तल्लो पिपलटार | ५८ | ५१ | १०९ | २२ | १ | ० | ६ | सामान्य | ६ | २१ | अस्मिता खनाल ९८४३२४६२५० | |
| ११ | सामुदायिक भवन अखरे तुप्चे ७ | ७ | तुप्चे | २१ | ३६ | ५७ | १० | २ | १ | २ | सामान्य | ४ | ७ | सुस्मिता चालिसे ९८०८७८२६९ | |
| १२ | भैरुम मा.वि.विदुर ८, विदुर ८ | ८ | हात्तगौडा | १६९ | १४५ | ३१४ | ३५ | ० | ३ | १६ | सामान्य | ६ | ३४ | प्रिति गुरुङ ९८४६१६०८०१ | श्री भैरुम मा.वि |
| १३ | एजि चर्च, विदुर कोलोनी, ०९ | ९ | कोलनी | २३ | २२ | ४५ | ४ | १ | ० | १ | सामान्य | १ | ८ | बिष्णु भण्डारी ९८४१६७१२८१ | ममिता राना मगर ९७४१८३५७०६ |
| १४ | त्रिशुली आ.वि., विदुर ०९ | ९ | जफती | ६३ | ४५ | १०८ | १३ | ० | २ | ४ | सामान्य | ४ | ६ | विनुका तामाङ ९८४१८१३६२५ | सुरेश श्रेष्ठ ९८४९०२५५४३ |
| १५ | सुलक्षणा मा.वि. | ९ | आगापुटार | ३९ | ३७ | ७६ | १७ | ० | १ | ४ | सामान्य | ४ | १९ | सुरेश श्रेष्ठ ९८४९०२५५४३ | |
| १६ | स्टार बोर्डिङ स्कुल | ९ | बागटार | ४२ | ३६ | ७८ | १२ | ३ | ० | ४ | सामान्य | ४ | ० | शुनिशा श्रेष्ठ ९८४१७२९६२६ | |
| १७ | सुन्दरी केउरिनी मा.वि. | १० | गर्खुटार | ४८ | ६० | १०८ | १६ | १ | १ | १ | सामान्य | १ | ३ | प्रविन प्याकुरेल ९८४१६७१८७७ | नमिता पाण्डे ९८४०१८१९६९ |
| | जम्मा | | | १०२६ | ९७३ | १९९९ | २६४ | १० | १२ | ६६ | | ५७ | १७५ | | |

रामराजा भण्डारी
जनस्वास्थ्य निरीक्षक

# रसुवामा रहेका होल्डिङ्ग सेन्टरहरुको विवरण

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय, रसुवा

मिति:२०८३/०५/१८

| क.स | होल्डिंग सेन्टरको नाम | स्थान | जम्मा संख्या | पुरुष | महिला | ५ वर्ष मुनी | गर्भवती | ६०+ | स्वास्थ्यसेवा पाएका | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिवालय आधारभूत विद्यालय | उत्तरगया-५ | ११९ | ५२ | ६७ | १३( पु-८, म-५) | २ | ० | ३० | मनिराम तिमल्सिना (९८४४००४८४९) |
| २ | भीमसेन स्थान प्राथमिक विद्यालय | उत्तरगया -५ | ४९ | २३ | २६ | २ | ० | ६ | २१ | सुस्मिता न्यौपाने (९८४३३८५२२७) |
| ३ | सिम्ले आधारभूत विद्यालय | उत्तरगया-२ | १०१ | ५९ | ४२ | | | | ० | सोनी गुरुङ (९८४९८२२२२२) |
| ४ | कालिका हिमालयन क्याम्पस | कालिका-०२ | ४ | १ | ३ | १ (म-१) | ० | ० | ३ | दिपा ठाकुर (९८१००६०१८६ |
| ५ | जि. स. स. हल | गोसाईकुण्ड-६ | ० | ० | ० | ० | ० | ० | ० | उपेन्द्र बुलुन (९८६०२५०१०५) |
| ६ | कोमिन श्यामे वाङफेल मा. वि. | गोसाईकुण्ड-५ | १२७ | ७० | ५७ | ५ | ० | १५ | ० | रमेश पौडेल (९८०३११३३५४) |
| ७ | लिंग्लिंग कानिंग छोलिंग गुम्वा | गोसाईकुण्ड-३ | १७२ | ९२ | ८० | ९ (पु-७, म-२) | ० | २२ | ८ | साता बुढाथोकी (९८२२८७७३८७) |
| ८ | गणेश आधारभूत विद्यालय | उत्तरगया-१ | ३१ | १२ | १९ | ४ | ० | १० | ४७ ( Holding+ Community) | राज मंगल पण्डित (९८१७२०१०२९) |
| | | | ६०३ | | | | | | ६२ | |

श्रोत: होल्डिंग सेन्टरमा खटिएका स्वास्थ्यकर्मीहरु